# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड : ८** **संख्याः १** **जेष्ठ १७, २०८१**

**भाग - २**

**मुसिकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, रुकुम पश्चिमको**

**सूचना**

## मुसिकोट नगरपालिकाको मानसिक स्वास्थ्य सहायता कोष सञ्चालन कार्यविधि, २०८१

**सम्वत २०८१ सालको कार्यविधि नं. १**

**प्रस्तावनाः** नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकका साथै आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा व्यवस्था गरी संवैधानिक मान्यता प्रदान गरेको अवस्था छ । मानसिक रोग सम्वन्धी सेवालाई पनि आधारभूत स्वास्थ्य सेवाको

सूचीमा राखी उक्त सेवा प्रत्येक नागरिकलाई निशुल्क प्राप्त गर्ने हक हुने व्यवस्था गरेको छ। मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिलाई बाधेर राख्ने वा थुन्ने कार्यलाई अपराधका रुपमा पहिचान गरेको छ । यस मुसिकोट नगर क्षेत्र भित्र मानसिक वा मनोसामाजिक अपाङ्गता भएको ब्यक्तिलाई निज, निजका परिवारका सदस्य वा संरक्षकले छनौट गरेको सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा राखी उपचार गराउने ब्यवस्था र मानसिक वा मनोसामाजिक अपाङ्गता भएको ब्यक्तिलाई आवश्यक पर्ने औषधी र मनोपरामर्श सेवा निःशुल्क उपलब्ध गराउन वाञ्छनीय भएकोले,

यस मुसिकोट नगरपालिका स्वास्थ्य नीति २०७६ को रणनीति ३.४. र ३.५. को बुदाहरु कार्यान्वयन गर्न र नगरपालिकाको स्वास्थ्य ऐन, २०७७ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरपालिकाको मानसिक स्वास्थ्य सहायता कोष सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मानसिक स्वास्थ्य समस्या सहायता कोष सञ्चालन कार्यविधि, २०८१" रहेको छ

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "सहायता कोष" भन्नाले मानसिक स्वास्थ्य समस्या सहायता कोष सञ्चालन सम्झनु पर्छ ।

(ख) "मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति" भन्नाले देहायका अवस्थामा रहेका व्यक्ति सम्झनु पर्छ -

(१) मनोसामाजिक समस्या भएको,

(२) मानसिक स्वास्थ्य समस्या भएको,

(३) अपाङ्गता भएका वा त्यसको जोखिममा रहेका व्यक्ति,

(४) मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या भएका बालबालिका तथा किशोर किशोरीहरु,

(५) मानसिक स्वास्थ्य समस्या भएका र मनोसामाजिक अपाङ्गता भएको,

(६) मानसिक स्वास्थ्य समस्याको औषधि सेवन गरीरहेका व्यक्ति र

(७) मानसिक स्वास्थ्य समस्या र अति आर्थिक विपन्न भएको ।

(ग) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "नगर सभा" भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको नगर सभा सम्झनु पर्दछ ।

(ङ) "पदाधिकारी" भन्नालेः कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, तथा कार्यपालिकाका अन्य सदस्यहरू सम्झनु पर्दछ ।

(च) "नगरप्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(छ) "समिति" भन्नाले मानसिक स्वास्थ्य समन्वय समिति सम्झनु पर्छ ।

**३. मानसिक स्वास्थ्य समस्या कोषको उद्देश्यः मानसिक स्वास्थ्य समस्या कोषको उद्देश्य देहाय बमोजिम हुनेछ ।**

(क) आर्थिक रुपमा अति विपन्न र मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिहरुलाई स्वास्थ्य बिमामा आबद्दता गराउने ।

(ख) आपतकालिन अवस्थामा मानसिक स्वास्थ्यको विशिष्टकृत मानसिक स्वास्थ्य सेवा प्रदान गर्न ।

४. **कोषको स्थापनाः** मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या भएका बालबालिका तथा किशोर किशोरीहरु र मानसिक स्वास्थ्य समस्या भएका र मनोसामाजिक अपाङ्गता भएको

व्यक्तिहरुलाई तत्काल उद्धार, स्वास्थ्य बिमा, स्वास्थोपचार र पुर्नस्थापना सहितको सहयोगका लागि नगरपालिकामा मानसिक स्वास्थ्य समस्या सहायता नामको एक कोष स्थापना गरिनेछ। उक्त कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :-

(क) नगरपालिकाबाट प्राप्त रकम,

(ख) सरकारी तथा गैर सरकारी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्थानीय सरकारले विनियोजन गर्ने मानसिक स्वास्थ्यको क्षेत्रमा विनियोजन गर्ने बजेट मध्येको केही प्रतिशत बजेट,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम र

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**५. कोषको उपयोगः** कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

(क) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तिलाई स्वास्थ्य बिमामा जोड्ने ।

(ख) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तिलाई स्वास्थ्य उपचार गर्न तथा पुनस्थापना गर्न,

(ग) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तिलाई विशिष्ट मानसिक स्वास्थ्य सेवा दिन,

(घ) मानसिक स्वास्थ्य समस्या सहायता सञ्चालन समितिबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न,

(ङ) मानसिक स्वास्थ्य सहायता सम्बन्धमा समितिले तोके बमोजिमको समस्या न्यूनीकरणका कार्य गर्न र गराउन ।

(च) मानसिक स्वास्थ्य समस्या र अपाङ्गतामा रहेका व्यक्तिलाई सहयोग गर्दा जोखिमताको अवस्थालाई आधारमानी सहयोग रकम निर्धारण गरिनेछ । जसमा निम्न कुरालाई मध्यनजर गरिनेछ ।

- स्वास्थ्य बिमाः रु. ३५००/- सम्मको सहयोग,
- विशिष्टकृत मानसिक स्वास्थ्य सेवाः बढीमा रु. ५०००/- सम्मको सहयोग गर्न सकिनेछ ।

**६. मानसिक स्वास्थ्य सहायता कोष सञ्चालनका लागि समितिको गठनः** कोषको सञ्चालन तथा खर्च र व्यवस्थापन गर्ने काम समेतको लागि देहाय बमोजिम एक कोष सञ्चालक समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख एवं मानसिक स्वास्थ्य समन्वय समिति संयोजक | -संयोजक |
| (ख) उप प्रमुख एवं न्यायिक समिति संयोजक | -सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| (घ) सामाजिक विकास समिति संयोजक | -सदस्य |
| (घ) यूवा, खेलकुद तथा शिक्षा शाखा प्रमुख | -सदस्य |

(ङ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा -सदस्य

(च) मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने संस्था -सदस्य

(छ) मनोसामाजिक तथा मानसिक अपाङ्गगता भएको व्यक्ति -सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख -सदस्य-सचिव

७. **मानसिक स्वास्थ्य सहायता कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मानसिक स्वास्थ्य समस्या र अपाङ्गतामा रहेका व्यक्तिलाई स्वास्थ्य बिमा, स्वास्थोपचार गर्ने, पुनस्र्थापना गर्ने

(ख)स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ग) मानसिक स्वास्थ्य समस्या र अपाङ्गतामा रहेका व्यक्तिलाई सहयोग स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(घ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ङ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने ।

(च) मानसिक स्वास्थ्य क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

८. **समितिको बैठक र निर्णयः समितिको बैठक संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।**

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(घ) समितिको दुई तिहाइ सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(ज) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **स्वास्थ्य उपचार गर्दा पेश गर्नु पर्ने कागजातहरुः** मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिले मानसिक स्वास्थ्य सहायता रकम लिन देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) सेवाग्राहीको निवेदन

(ख) वडा कार्यालयको सिफारिस

(ग) मानसिक स्वास्थ्य समस्या अवस्थाको पहिचान फारम वा बिरामी पुर्जा

**१०. खाताको सञ्चालनः** कोषको रकम नगरपालिकाको विविध खातामा जम्मा गरी कोष संचालन गरीनेछ ।

**११. कोषको लेखा र लेखापरीक्षणः कोषको लेखा र लेखापरीक्षण देहाय बमोजिम हुनेछ ।**

(क) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१२. अभिलेख राख्नेः** समितिले आफूले गरेको काम कार्वाहीहरूको अभिलेख दुरूस्त राख्नु पर्नेछ ।

मितिः २०८१/०२/१७

**आज्ञाले,**

**मोहन प्रकश गिरी**

**प्रमुख प्रशासकीय अधिकृत**